हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८१ साल फागुन २० गते मंगलवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | ~~संजय प्रसाद साह~~ का.वा.अ. उमेश राम दनुवार | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८१।११।२०

**मिति २०८१/११/२० गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।
२. पदम भुवनेश्वरी वृद्धआश्रमको सहयोग रकम भुक्तानी सम्वन्धमा ।
३. आर्थिक सहयोग सम्वन्धमा ।
४. नगर प्रतिक चिन्ह (लोगो) कार्यान्वयन तथा पुरस्कार रकम भुक्तानी सम्वन्धमा ।
५. हरैया डिहवार्नी पोखरीको सौन्दर्यकरणको लागि डि.पि.आर. सम्वन्धमा ।
६. जितिया पर्वको रकम भुक्तानी सम्वन्धमा ।
७. वडा नं. ९ को स्वास्थ्य चौकी बर्थिंग सेन्टरको जग्गा दिने सम्वन्धमा ।
८. वडा नं. १ जानकीनगरमा सडक बत्ती जडान सम्वन्धमा ।
९. वडा नं. ८ को हनुमान मन्दिर बाटो भर्ने र पिलर निर्माण कार्य भुक्तानी सम्वन्धमा ।
१०. बाल संजालका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम सम्वन्धमा ।
११. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रम कार्यविधि, २०८१ सम्वन्धमा ।
१२. ठेक्काको म्याद थप सम्वन्धमा ।
१३. वडा नं. १ मा स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा रकम विनियोजन सम्वन्धमा ।
१४. जग्गा रजिष्ट्रेशनको लागि विद्यालयमा अनुदान दिने सम्वन्धमा ।
१५ खेलकुद सञ्चालन खर्च निर्देशिका २०८१ स्वीकृतिको पेश गर्ने सम्वन्धमा ।
१६ स्वास्थ्य शिविरको रकम भुक्तानी सम्वन्धमा ।
१७. वहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक कार्ययोजना सम्वन्धमा ।
१८. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको १३ औं नगरसभाको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. १३५ मा भुवनेश्वरी वृद्धा आश्रमलाई सहयोग खर्च शिर्षक नं. २७२१९ मा रकम रु. १०००००।०० विनियोजन भएको रकम हरिपुर नगरपालिकाको अनुदान वितरण सम्बन्धी मापदण्ड २०८० कार्यविधि प्राथमिकताको क्षेत्रहरु नियम १ को उपनियम ३, नियम ३ को उप नियम (क), (ख), (ग) र नियम ४ को उपनियम २ बमोजिम पद्म भुवनेश्वरी नमुना वृद्ध सेवाश्रमले अनाथ, असक्त, अपाङ्ग, हिंसामा परेका महिला, जेष्ठ नागरिकहरुलाई निशुल्क गाँस, बाँस, कपासको व्यवस्था गरेको हुनाले संस्थाको खर्चको निर्णय, फोटो तथा कर चुक्ताको प्रतिलिपी, लेखा परिक्षकको प्रतिवेदन र बिल भरपाई तथा पद्म भुवनेश्वरी नमुना वृद्ध सेवाश्रम लालबन्दी न.पा. २ जुटपानी, सर्लाहीको पत्र संख्या २०८१/०८२ च.नं. ७२ मिति २०८१/०८/२७ गतेको पत्र अनुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।११।२०

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | यूवा क्लवको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मीपुर (कोढ्राहा) यूवा क्लव | ६ | हरिपुर | T-10 क्रिकेट कप | | २०८१.११.०५ च.नं. ३ | १००००।०० |
| २ | दिपेन्द्र कुमर | ७ | हरिपुर | स्वास्थ्य उपचार टाउकु र कान | २०८१।११।०५ | २०८१।११।५ च.नं. ८०२ | ६०००।०० |
| ३ | शिव कुमार दास कथवनिया | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।।११।१७ | २०८१।०९।११ च.नं. १२०४ | ६०००।०० |
| ४ | श्री रामजानकी मठ | ९ | हरिपुर | भण्डारा कार्यक्रम | २०८१।।११।१९ | २०८१।११।१९ च.नं. ६९३ | १००००।०० |
| ५ | श्री हनुमान मन्दिर पुजारी हरिचन महोत | १ | हरिपुर | पुजा पाठ सामग्री | २०८१।९।२९ | २०८१।११।१९ च नं ९५९ | ६०००।०० |
| ६ | राम करण चौधरी | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।११।१९ | २०८१।११।१९ च नं१२६० | ६०००।०० |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०८१।११।०६ गतेको १४ औं नगरसभाको निर्णयानुसार हिरा अधिकारीले पेश गरेको प्रतिक चिन्हलाई नै उत्कृष्ट नगर प्रतिक चिन्ह (लोगो) छनौट गरेकोले उक्त नगर प्रतिक चिन्ह (लोगो) लाई हरिपुर नगरपालिकाको काम काज तथा अन्य कार्यमा नगर प्रतिक चिन्ह (लोगो) कार्यान्वय गर्ने निर्णय गरियो साथै सो हिरा अधिकारीले पेश गरेको प्रतिक चिन्हलाई नै उत्कृष्ट नगर प्रतिक चिन्ह (लोगो) छनौट गरेकोले यस नगर कार्यपालिकाको मिति २०८०।०२।२२ गतेको निर्णयानुसार रकम रु. ५०,०००।०० प्रतियोगिता संचालन गर्ने निर्णय भए अनुसार यस नगरपालिकाको १३ औं नगरसभाको पेज नं. ४७ को सि.नं. १२१ को विविध खर्चको/खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकमबाट रकम रु. २५,०००।०० विनियोजन गरी सम्मान सहित प्रमाण पत्र र रु. २५,०००।०० हिरा अधिकारीलाई पुरस्कार दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको १४ औं नगरसभाको वडा नं. ४ को हरैया डिहवार्नी पोखरीको सौन्दर्यकरणको लागि डि.पि.आर. तयारी कार्यको लागि ५,००,०००।०० विनियोजन भएको रकम र १४ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत परामर्शमा रकम रु. ३,०००,०००।०० विनियोजन भएको

मिति २०८१।११।२०

रकम मध्येबाट रकम रु. ३,००,०००।०० विनियोजन गरी जम्मा रु. ८,००,०००।०० रकमबाट उक्त हरैया डिहवार्नी पोखरीको सौन्दर्यकरणको लागि डि.पि.आर. कार्यको लागि परामर्शसेवा लिन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ को धर्म साँस्कृतिक कार्यक्रम अन्तर्गत चिताईन जितिया पर्व कार्यक्रम हरिपुर-७ मा जितिया पर्व कार्यक्रम गर्न जितिया पर्व समितिसँग यस नगरपालिका कार्यालयसँग मिति २०८१।०६।०६ गते सम्झौता तथा कायदिश भई उक्त कार्य सम्पन्न भएको हुँदा यस नगरपालिकाको ७ नं. वडा कार्यालयको च.नं. ८२९ मिति २०८१।११।११ गतेको भुक्तानी सम्वन्धीको पत्रानुसार र प्राविधिक मूल्याँकन समेत कार्यक्रममा भएको जम्मा खर्च रकम रु. १,२३,९२५।०० जितिया पर्व समितिले खुद पाउने रकम रु. ९६,६६५।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत पिडारी स्वास्थ्य चौकीको मिति २०८१।११।१९ गतेको स्वास्थ्य चौकी पिडारीको व्यवस्थापन समिति तथा संचालन समितिको बैठकबाट स्वास्थ्य चौकीं बर्थिंग सेन्टरको नाममा रहेको जिल्ला सर्लाही साविक गा.व.स. पिडारी वडा नं. ४ किता नं. ५७९ क्षेत्रफल ०-७-० जग्गामा बर्थिंग सेन्टर निर्माणका लागि यस नगरपालिकाबाट डि.पि.आर. भएको र ड.पि.आर. संशोधन हुने गरी मधेश प्रदेश भौतिक पूर्वाधार मन्त्रालयबाट वडा नं. ९ को वडा कार्यालय भवन निर्माणको लागि रु. ५०,००,०००।०० विनियोजित भएकोले र वडा कार्यालय भवन निर्माणको लागि सार्वजनिक नम्वरी, ऐलानी जग्गा वडा कार्यालयको नाममा नरहेकोले स्वास्थ्य चौकीं बर्थिंग सेन्टरको नाममा रहेको जग्गा ९ नं. वडा कार्यालय भवन निर्माणको लागि जग्गा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. १ मा बन छेउमा रहेको जानकीनगर टोलमा बनबाट हाती आई घर टहरा अन्न पानी किसानले लगाएको वाली नालीहरु नोक्सान र क्षती पु-याई आईरहेकोले उक्त टोल बस्तीमा सडक बत्ती जडान गर्नको लागि यस नगरपालिकाको १३ औं नगरसभाको पेज नं. ४७ को सि.नं. १२१ को विविध खर्चको खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकमबाट रकम रु. १,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकामा आ.व. २०७८।०७९ मा आठौं नगरसभामा स्वीकृत योजना अनुसार वडा नं. ८ हनुमान मन्दिर बाटो भर्ने र पिलर निर्माण कार्य गर्न रु. ३०००००।०० (तिन लाख) विनियोजित रकमबाट हनुमान मन्दिर बाटो भर्ने र पिलर निर्माण उपभोक्ता समितिवाट देहाय बमोजिम उल्लेख भएका सम्झौता कायदिश लगत अनुमान जनश्रमदान कन्टेजेन्सी सम्झौता र कायदिश भई सामाजिक विवादको कारण उपभोक्ता समितिले तोकेको समयमा कार्य सम्पन्न नभएको र पछि सामाजिक विवाद निरुपण भई कार्य सम्पन्न भइसके र कार्यालय बजेट अभाव कारण बजेट विनियोजन नभई भुक्तानी दिन नसकेकोले आ.व. २०८१।०८२ को चौधौं नगरसभाबाट हनुमान मन्दिर बाटो भर्ने र पिलर निर्माण कार्यको लागि रु. ३०००००।०० विनियोजन भएकोले प्राविधिक मूल्याँकन, कार्य सम्पन्न प्रतिवेदनको अधारमा हनुमान मन्दिर बाटो भर्ने र पिलर निर्माण उपभोक्ता समिति हरिपुर न.पा. ८ लाई भुक्तानी गर्ने निर्णय गरियो ।

१. सम्झौता मिति : २०७८।०९।१८
२. कार्य सम्पन्न मिति : २०७९।०३।२०
३. बजेट : ३०००००।००

मिति २०८१।११।२०

४. कन्टेजेन्सी : ३०००।००

५. श्रमदान : ३३६२१।४९

६. कुल लागत अनुमान : ३२४६२४।४९

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत संचालित बाल संजालका सदस्यहरुलाई बाल बालिकाको हक अधिकार र कर्तव्य सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन यस नगरपालिकाको १३ औं नगरसभाको पेज नं. ४७ को सि.नं. १२१ को विविध खर्चको खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकमबाट रकम रु. ४०,०००।०० विनियोजन गरी यस नगरपालिकाको महिला तथा बालबालिका शाखाबाट संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकामा ज्येष्ठ नागरिक स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रम कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत श्री जनता आधारभूत विद्यालय हरिपुर-२, सर्लाहीको निर्माणधिन भवन यस कार्यालय र निर्माण ब्यवसायी रोहन ईन्जिनिरिंग एण्ड विल्डर्स प्रा.लि. बीच सम्झौता भई असोज सम्म उक्त ठेक्काको म्याद भएको तथा समयमा कार्यालयले भुक्तानी नगरेको हुँदा र केही काम बाँकी भएकोले उक्त अधुरो कार्य र ठेक्काको म्याद २०८१ चैत्र मसान्त सम्म अन्तिम पटकको लागि थप गरी आवश्क कागजात सहित रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. ९६१, मिति २०८१।११।२० गतेको रकम विनियोजन सम्वन्धको पत्रानुसार वडा नं. १ कार्यालयमा स्थानीय समाज विकास केन्द्रको सहजीकरणमा Helping hand for relief and development USA/Nepal ले जानकीनगर स्वास्थ्य चौंकीमा मिति २०८१।१०।१० गते स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा रकम रु. २५५००।०० खर्च भएकोले यस नगरपालिकाको १३ औं नगरसभाको पेज नं. ४७ को सि.नं. १२१ को विविध खर्चको खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकमबाट रकम रु. २५,०००।०० विनियोजन गरी १ नं. वडा कार्यालयलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्तावन नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ६ मा रहेको श्री सार्वजनिक माध्यमिक विद्यालय अवस्थित जग्गा विद्यालयको नाममा रजिष्ट्रेशन गर्दा लाग्ने लाभकर वापतको रकम विद्यालयसंग नभएको कारण जग्गा रजिष्ट्रेशन गर्न कठिनाई भएकोले आर्थिक सहयोग उपलब्ध गराईदिने सम्बन्धको मिति २०८१/११/१३ च.नं. ७२ को पत्रवाट माग भइ आएको र विद्यालयलाई उक्त रकम प्राप्त हुँदा विद्यालयको भौतिक एवम् शैक्षिक क्रियाकलापमा भविष्य सम्म पनि सहयोग पुग्ने देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ज) को बुदाँ नं ९ मा **सामुदायिक विद्यालयको जग्गाको स्वामीत्व, सम्पतिको अभिलेख, संरक्षण र व्यवस्थापन** गर्ने व्यवस्था बमोजिम श्री सार्वजनिक माध्यमिक विद्यलायलाई जग्गा रजिष्ट्रेशनको लागि अपुग हुने रकम रु. ३,००,०००।०० ( अक्षरेपी रु. तिन लाख मात्र ।) अनुदान उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्तावन नं. १५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तरगत सञ्चालन हुने खेलकुद कार्यक्रममा हुने खर्चमा एकरुपता कायम गर्न तथा व्यवस्थित रुपमा खेलकुद कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउने उद्देश्यले

*मिति २०८१।११।२०*

बनाईएको खेलकुद सञ्चालन खर्च निर्देशिका, २०८१ उपर छलफल गरी अर्को बैठकबाट स्वीकृत गर्ने निर्णय पारित गरियो ।

प्रस्तावन नं. १६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको मिति २०८०।०८।२७ गते देखि २०८०।०९।१० गते सम्म स्वास्थ्य शिविर हरिपुर नगरपालिका वडा नं ६ मा संचालन भई यस कार्यालयको बजेटको अभावले गर्दा भुक्तान गर्न नसकेकोले यस नगरपालिकाको आ व २०८१।०८२ को चौधौ नगरसभाबाट शिविर संचालनको लागि रु २०००००।०० विनियोजन रकमबाट यस कार्यालयको मिति २०८०।०९।२३ गतेको कार्यालयको निर्णयानुसार स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य संयोजक अनिल चौधरी पेश गरेको विल भर्पाइको आधारमा स्वास्थ्य संयोजक अनिल चौधरीलाई रकम रु २०००००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकाको वहुक्षेत्रीय पोषण कार्यक्रमको देहाय बमोजिमको आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा वार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

# वार्षिक कार्ययोजना

आ.व. २०८१/०८२

कार्यक्रमको नाम: बहुक्षेत्रीय पोषण योजना

| विषयगत क्षेत्र | | क्रियाकलाप | संख्या | कुल विनियोजित बजेट | विनियोजित बजेट | | | | वडा र बस्ती | लभान्वित समुह जस्तै दलित जनजाती लोपोन्मुख वर्ग समेत | अनुमानित लाभान्वित घरधुरी संख्या | कार्यान्वयन गरिने समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | अन्य | | | | |
| स्वास्थ्य | १ | प्रोटकल अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलालाइ पोषण पोपिलो खाना खानकोलागी दोस्रो पटक, चौथो पटक, छैठौं पटक सम्म एक/एक हजार र आठौं पटक जाँच गराउदा दुइ हजार गरी पाँच हजारका दरले नगद अनुदान वितरण | | ३५००००० | | | ३५००००० | | नगर भरी | ७०० | ७०० | श्रावण देखी असार मसान्त |
| | २ | नियमित वृद्धि अनुगमनको लागि लक्षित समूह (श्रीमान श्रीमती र सासु/ससुरा, हेरचाहकर्ता ५ वर्ष मुनिका बच्चा ) मा सचेतना अभिवृद्धि तथा लेखाजोखा कार्यक्रम | २ | २५०००० | २५०००० | | | | वडा नं. ५ | ३३५ | ३०० | वैशाख |
| | ३ | पोषण कार्यक्रमको एकिकृत अनुगमन | | २०००० | २०००० | | | | | | | असार |
| शिक्षा | १ | प्रारम्भिक बालशिक्षा र बालविकास केन्द्र/पुर्व प्राथमिक विद्यालयमा पोषण सिकाइ कर्नर स्थापना तथा पोषण सम्बन्धी जनचेतना कार्यक्रम | ८ | २००००० | २००००० | | | | | | | वैशाख |
| महिला तथा बालबालिका | १ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | | ६२५००० | ६२५००० | | | | वडा नं. ५ | २५ | २५ | फाल्गुन |
| | २ | आय आर्जनका लागी अनुदान प्राप्त गरेका महिला समुह लाइ व्यवसायिक तालिम | ३ | १५०००० | १५०००० | | | | वडा नं. ५ हाथिसार टोल | ७५ | ७५ | चैत्र |
| खानेपानी तथा सरसफाइ | १ | लक्षित समूहको पोषण सुधारको लागि पोषण र सरसफाई तथा महिनावारी स्वच्छता सम्बन्धी तालिम तथा सरसफाई सामग्री विवरण | १ | १००००० | १००००० | | | | | | | चैत्र |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | १ | पोषणमैत्री बस्तीको लागि सुनौला हजार दिनका विपन्न घरधुरीका सदस्यलाई करेसाबारी र तरकारी खेति सम्कबन्धी तालिम तथा तरकारीको बीउ बिजन वितरण कार्यक्रम | १ | १५०००० | १५०००० | | | | | ३० | ३० | बैशाख |
| पशुपन्छी | १ | पोषणमैत्री बस्तीको लागि सुनौला हजार दिनका विपन्न घरधुरीका शिर्ष कुपोषण भएका बालबालिकाहरु लाइ अण्डा वितरण कार्यक्रम | १ | १००००० | १००००० | | | | | ५० | ५० | बैशाख |
| शासकीय प्रवन्ध | १ | पोषण सहजकर्ताको पारिश्रमिक | | ४३७७२६ | ३३५००० | | १०२७२६ | | | | | |
| | २ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सदस्यहरुलाइ पोषणमैत्री सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ | ९०००० | ९०००० | | | | | ३० | | चैत्र |
| | ३ | पोषण सचेतना अभिवृद्धि गर्न सडक नाटक | ५ | १००००० | १००००० | | | | | | | चैत्र |
| | ४ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सदस्यहरुलाइ पोषणमैत्री सम्बन्धी अभिमुखिकरण | ९ | २००००० | २००००० | | | | | ९० | | चैत्र |
| | ५ | स्थानिय तहको पोषण प्रोफाइल अद्यावधिक | १ | ५०००० | ५०००० | | | | | | | फाल्गुन |
| | ७ | सामुदायिक विद्यालयहरु तथा स्वास्थय संस्थाहरुमा पोषण सचेतनामुलक भिता लेखन | २५ | ५०००० | ५०००० | | | | | | | बैशाख |
| | ८ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सदस्यहरुलाइ चौमासिक बैठक | २ | ८०००० | ८०००० | | | | | ३० | | बैशाख |
| जम्मा | | | | ६१०२७२६ | २५००००० | | ३६०२७२६ | | | | | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३